आज मिति २०७६/०५/२९ गते आईतबारका दिन यस सत्यवती गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयको अध्यक्ष श्री पारिश्वर ढकालको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी तपशील बमोजिमका प्रस्तावहरुमाथि छलफल गरी तपशील बमोजिमका निर्णय सर्वसम्मत पारित गरियो ।

उपस्थितिः

श्री पारिश्वर ढकाल – अध्यक्ष, सत्यवती गाउँपालिका

श्री सुवर्ण शाही शेरचन – उपाध्यक्ष, सत्यवती गाउँपालिका

श्री भिमलाल पाण्डे – वडाध्यक्ष, वडा नं - १

श्री दधिराम कुँवर क्षेत्री – वडाध्यक्ष, वडा नं - २

श्री रुक बहादुर राना मगर – वडाध्यक्ष, वडा नं - ३

श्री दान बहादुर राना – वडाध्यक्ष, वडा नं - ४

श्री ओम प्रकाश भण्डारी – वडाध्यक्ष, वडा नं - ५

श्री विष्णु प्रसाद भण्डारी – वडाध्यक्ष, वडा नं - ६

श्री लोक बहादुर बुढाथोकी – वडाध्यक्ष, वडा नं - ७

श्री सन्त बहादुर थापा – वडाध्यक्ष, वडा नं - ८

श्री तेज कुमारी थापा – कार्यपालिका सदस्य

श्री नरमाया राना मगर – कार्यपालिका सदस्य

श्री मिना परियार – कार्यपालिका सदस्य

श्री मनमाया थापा – कार्यपालिका सदस्य

श्री होम बहादुर भुजेल – कार्यपालिका सदस्य

श्री हरि प्रसाद वि.क. – कार्यपालिका सदस्य

श्री यादव भण्डारी – प्रमुख प्रशासकीय अधिकृत

**बैठक संख्या**:०६/०७६-७७ **मिति**: २०७६/०५/२९

**प्रस्तावहरु**:

**प्रस्ताव नं**.१: सत्यवती-५, हँसराको स्वास्थ्य चौकी निर्माणस्थल सम्बन्धमा।

**प्रस्ताव नं**.२: विपद सम्बन्धी विविध निर्णय सम्बन्धमा।

**प्रस्ताव नं**.३: खेलकुद पुर्वाधार निर्माणमा प्रस्तावना पेश गर्ने सम्बन्धमा।

**प्रस्ताव नं**.४: गाउँ शिक्षा समितिको गठन सम्बन्धमा।

**प्रस्ताव नं**.५: संविधान दिवस मनाउने सम्बन्धमा।

**प्रस्ताव नं**.६: सत्यवती गाउँपालिकाको दररेट सम्बन्धमा।

**प्रस्ताव नं**.7: कर रकम संकलन सम्बन्धमा।

**प्रस्ताव नं**.8: उपभोक्ता समितिको गठन सम्बन्धमा।

**प्रस्ताव नं**.9: उद्योगी/ व्यापारी व्यवसायीसँग छलफल सम्बन्धमा।

**प्रस्ताव नं**.१0: व्यक्तिगत घटना दर्तालाई अनलाइन गर्ने

**प्रस्ताव नं**.११: सामाजिक सुरक्षा भत्तालाई बैङ्किङ गर्ने सम्बन्धमा।

**प्रस्ताव नं**.१2: शोधभर्ना भुक्तानी दिने सम्बन्धमा।

**प्रस्ताव नं**.१3: गिट्टी बालुवाको निकाशी कर सम्बन्धमा।

**प्रस्ताव नं**.१4: वित्तीय संस्थासँग अन्तरकृया सम्बन्धमा।

**प्रस्ताव नं**.15: परियार सेवा समाजको निवेदन सम्बन्धमा।

**प्रस्ताव नं**.16: विभिन्न खाताहरु खोल्ने सम्बन्धमा।

**निर्णयहरु**:

**बैठक संख्या**:06/076-77 **मिति**:2076/05/29

**निर्णय नं.१**: प्रस्ताव नं. १ माथि छलफल गर्दा सत्यवती गाउँपालिका वडा नं.५ मा स्वास्थ्य चौकी भवन निर्माणको सम्बन्धमा सोही स्थान निवासी लक्ष्मण भण्डारी समेतले झब्रिखेतबाट भवन निर्माणस्थल सार्नु पर्छ भन्ने आशयको मिति 2076/02/21 गतेको निवेदन, सत्यवती-५ निवासी मेघराज ज्ञवाली समेतले यथाशीघ्र भवन निर्माण कार्य सुरु गर्नुपर्छ भन्ने आशयको मिति 2076/04/26 गतेको निवेदन र संलग्न ने.का. हँसरा र ने.क.पा.हँसराको निर्णयको प्रतिलिपी, झब्रिखेतमै भवन बनाउने कार्य अगाडि बढाउन पहल गर्ने भन्ने वडा समितिको निर्णय सहितको मिति 2076/05/27 को वडा नं.५ कार्यालयको पत्र आदि कागजातको अध्ययन गर्दा वि.सं.२०४७ सालदेखि हालसम्म स्वास्थ्य चौकी रहेकै स्थानमा भवन नबनाएर अन्यत्र बनाउँदा विषय थप विवादित बन्न सक्ने र बहुसङ्ख्यक जनसमुदायको भावना विपरीत बन्न जान सक्ने, हाल तोकिएकै ठाउँमा भवन निर्माण गर्दा माथिल्लो क्षेत्र पम्फुका, घ्याङसिङ्ग लगायतका क्षेत्रका नागरिकलाई स्वास्थ्य सेवा लिन थोरै भएपनि नजिक हुने, लक्ष्मण भण्डारी समेतले गरेको मागबमोजिम भवन निर्माण स्थल सार्ने निर्णय गर्दा नेपाल सरकार अन्तर्गतको कार्यालयबाट अगाडि बढाइएको आयोजनालाई भवन निर्माणस्थल सार्ने भनी गाउँपालिकाले मात्र एकलौटी निर्णय गर्दा क्षेत्राधिकार सम्बन्धी कानूनी प्रश्न उठ्न सक्ने भएकाले निवेदक श्री लक्ष्मण भण्डारीसमेतले यस कार्यालयमा दिएको निवेदनमा मागबमोजिम भवन निर्माणस्थल परिवर्तन सम्बन्धमा कुनै थप निर्णय नगर्ने निर्णय पारित गरियो।

**निर्णय नं.२**: प्रस्ताव नं.२ माथि छलफल गर्दा सत्यवती गाउँपालिकाको वडा नं.३ र ४ लगायतका स्थानमा मिति २०७६/०४/०७ गते गएको भीषण पहिरोका कारणले त्यसको व्यवस्थापन गर्नका लागि भएका विभिन्न खर्चहरु समेत आवश्यक प्रकृया पुरा गरी भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं.३**: प्रस्ताव नं.३ माथि छलफल गर्दा नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयको मिति २०७६/०५/०४ गते प्रकाशित सूचना अनुसार स्थानीय तहमा खेल पुर्वाधार निर्माणका लागि प्रस्ताव आव्हान भएकोमा सत्यवती गाउँपालिकाको आ.ब.०७६/७७ को वार्षिक बजेट कार्यक्रम अनुसार सत्यवती खेलकुद मैदान निर्माण शीर्षकको बजेटबाट १५,००,०००।०० व्यहोर्ने प्रतिवद्धता व्यक्त गर्दै उक्त रकमलाई ३०% मानी नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालयबाट रु.३५,००,०००।०० लाख रुपैयाँ माग गर्ने निर्णय गर्ने गरियो।

**निर्णय नं.४**: प्रस्ताव नं.४ माथि छलफल गर्दा सत्यवती गाउँपालिकाको आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५ को दफा ९ (१) बमोजिम गाउँ कार्यपालिका र अध्यक्षले मनोनित गर्नुपर्ने पदमा तपशीलबमोजिमका सदस्य मनोनित गर्ने निर्णय गरियो।

गाउँपालिकाका अध्यक्ष, पारिश्वर ढकाल- -अध्यक्ष
प्रमुख प्रशासकीय अधिकृत, यादव भण्डारी -सदस्य
सामाजिक विकास समितिको संयोजक, भिमलाल पाण्डेय- -सदस्य
गाउँ कार्यपालिका सदस्य मध्येबाट, ओमप्रकाश भण्डारी -सदस्य

लोकबहादुर बुढाथोकी -सदस्य
तेजकुमारी थापा -सदस्य
सामुदायिक विद्यालयको प्रधानाध्यापकहरु मध्येवाट प्रधानाध्यापक, छविलाल भण्डारी -सदस्य
संस्थागत विद्यालयहरुको प्रतिनिधी मुलक संस्था मध्येवाट प्रत्येक वर्ष परिवर्तन हुने गरी अध्यक्षले तोकेको प्रतिनिधी एक जना, ईश्वरबहादुर क्षत्री -सदस्य
समाजसेवी वा शिक्षाप्रेमी मध्येवाट गाउँशिक्षा समितिले मनोनित गरेको एक जना -सदस्य
गाउँपालिका स्तरीय अभिभावक संघका तर्फबाट प्रत्येक वर्ष परिवर्तन हुने गरी अध्यक्षले तोकेको प्रतिनिधी एक जना -सदस्य
गाउँपालिका शिक्षक महासङ्घको अध्यक्ष बलबहादुर राहादी - -सदस्य
शिक्षा अधिकृत - सदस्य सचिव

<u>तपशील</u>

**निर्णय नं.५:** प्रस्ताव नं.५ माथि छलफल गर्दा यहीँ आश्वीन ३ गते परेको संविधान दिवसका अवसरमा तपशील बमोजिमका विभिन्न निर्णय गरियो।

**मूल समारोह समितिको गठन सम्बन्धमा:**

संविधान दिवस, २०७६ मनाउनका लागि सत्यवती गाउँपालिकाका अध्यक्षज्युको अध्यक्षतामा तपशील बमोजिमको समिति गठन गरियो।

अध्यक्ष – पारिश्वर ढकाल, अध्यक्ष, सत्यवती गाउँपालिका
सदस्य – सुवर्ण शेरचन शाही, उपाध्यक्ष, सत्यवती गाउँपालिका
सदस्य – यादव भण्डारी, प्रमुख प्रशासकीय अधिकृत
सदस्य - सबै कार्यपालिका सदस्य
सदस्य – सबै गाउँसभा सदस्य
सदस्य- सबै प्र,अ.विद्यालयहरु
सदस्य – सबै शाखा एवम् इकाइ संयोजकहरु, गापाकापा कार्यालय
सदस्य – सबै कार्यालय प्रमुख, प्रा.स्वा.के र स्वास्थ्य चौकीहरु,
सदस्य सचिव- नेत्रप्रसाद पाण्डे

**संविधान दिवस मनाउने सम्बन्धमा:**

- संविधान दिवसका अवसरमा यही मिति २०७६/०६/०२ गते सत्यवती गाउँपालिका वडा नं.५, खैरेनी देखि वडा नं.४ को नादेवासम्म वृक्षारोपण गरी मनाउने।
- वृक्षारोपण गर्दा अमला, तेजपात, आदिको विरुवा रोपण गर्ने।
- वृक्षारोपणमा सहभागी बन्न सबैलाई अनुरोध गर्ने।

- मिति २०७६/०६/०३ गते १०:०० बजे माविस्तरीय वक्तृत्वकला प्रतियोगिताको आयोजना गर्ने। त्यसका लागि नेपालको संविधान, मौलिक हक र नागरिक कर्तव्य भन्ने शीर्षक राख्ने।
- मिति २०७६/०६/०३ गते १:०० बजे वृहत अन्तरकृया कार्यक्रम आयोजना गर्ने। अन्तरकृया कार्यक्रमको लागि नेपालको संविधान, स्थानीय तहको अधिकार र नागरिक कर्तव्य भन्ने शीर्षकमा अन्तरकृया कार्यक्रमको आयोजना गर्ने।

**<u>तपशील</u>**

**निर्णय नं.६:** प्रस्ताव नं.६ माथि छलफल गर्दा जिल्ला समन्वय समितिद्वारा यस आ.ब.076/77 का लागि पारित जिल्ला दररेटमा तपशीलबमोजिमका दररेटमा परिवर्तन गरी गाउँ पालिकास्तरीय दररेट पारित गर्ने निर्णय गरियो।

ठेकेदारले प्रति ट्र्याक्टर उठाउने निकासी कर दर- रु.४५० भ्याट सहित

प्रति ६ चक्के ट्रक/ टिपर - रु.१२००।००

प्रति १० चक्के ट्रक - रु.२०००।००

बालुवा प्रति घनमिटर रु.३००।००

ढुङ्गा प्रति घनमिटर रु.४००।००

गिट्टी प्रति घनमिटर रु.८००।००

**<u>तपशील</u>**

**निर्णय नं.7:** प्रस्ताव नं.८ मा छलफल गर्दा आर्थिक ऐन, २०७६ मा तोकिएका करका दररेट र दायरा बमोजिम आ-आफ्नो वडामा कर संकलन अभियान शुरु गर्ने र गत वर्ष दर्ता भएका व्यवसायहरुको नवीकरणका लागि यहीँ कार्तिक मसान्तसम्मको समय तोकी अनिवार्य नविकरण गर्ने तथा अन्य शीर्षकका करहरु समेत यथाशीघ्र संकलन गर्ने।

**निर्णय नं.8:** प्रस्ताव नं.९ माथि छलफल गर्दा सत्यवती गाउँपालिकाको उपभोक्ता समितिको गठन, परिचालन तथा व्यवस्थापन कार्यविधि, २०७५ बमोजिम मिति २०७६ आश्वीन मसान्तभित्र सबै आयोजनाको उपभोक्ता समितिको गठन गर्ने निर्णय गरियो।

**निर्णय नं.9:** प्रस्ताव नं.१० माथि छलफल गर्दा सत्यवती गाउँपालिकामा उत्पादित बस्तुको आन्तरिक बजारमा खपत गरी वाह्य पदार्थको आयातमा कमी ल्याउने प्रयोजनका लागि हाटबजार सञ्चालन सम्बन्धमा, कर संकलन सम्बन्धमा, बजारमा पार्किङ क्षेत्र व्यवस्थापनका लगायत अन्य

समसामयिक विषयबस्तुमा छलफल गर्नका लागि स्थानीय उद्योगी, व्यवसायीसँग छलफल गर्ने निर्णय गरियो।

**निर्णय नं.१०:** प्रस्ताव नं.१0 माथि छलफल गर्दा सत्यवती गाउँपालिकाका सबै वडा कार्यालयबाट प्रदान गरिने व्यक्तिगत घटना दर्ता/ पञ्जीकरण सम्बन्धी कार्यलाई अनलाइन प्रणालीबाट दर्ता कार्य सुरु गर्ने निर्णय गरियो।

**निर्णय नं.११:** प्रस्ताव नं.११ माथि छलफल गर्दा सामाजिक सुरक्षा भत्ता भरपाइ गराएर वितरण गर्दा कानूनी जटिलता र हुनसक्ने अनियमितालाई मध्यनजर गर्दा सत्यवती गाउँपालिकाको सबै वडामा बैङ्किङ् प्रणालीबाट सामाजिक सुरक्षा भत्ता वितरण गर्ने निर्णय गरियो।

**निर्णय नं.१२:** प्रस्ताव नं.१2 माथि छलफल गर्दा सत्यवती गाउँपालिकाको प्रतिनिधित्व गर्दै कालिका क्लब, बाणगङ्गा, कपिलबस्तुको आयोजनामा भएको अन्तर स्थानीय तह स्तरीय भलिबल प्रतियोगितामा सहभागी भई द्वितीय स्थान प्राप्त गर्न सफल दिपेन्द्र श्रेष्ठको नेतृत्वको सत्यवती गाउँपालिकाको भलिवल टिमलाई बिलभरपाईको आधारमा सत्यवती खेलकुद कार्यक्रम शीर्षकबाट रु.२०,०००।०० भुक्तानी दिने निर्णय गरियो।

**निर्णय नं.१३:** प्रस्ताव नं.१3 माथि छलफल गर्दा सत्यवती गाउँपालिकाबाट नदीजन्य पदार्थको संकलन निकासी सम्बन्धमा गरिएको दोस्रो पटकको ठेक्का सूचना अनुसार पनि कुनै निवेदन नपरेकोले वडा नं. १ अन्तर्गतको नदीजन्य पदार्थको निकासीका लागि ६ लाख र वडा नं.२ अन्तर्गतको नदीजन्य पदार्थ निकासीका लागि ४ लाख रकम न्युनतम रकम तोकी ७ दिनको सूचना निकाल्ने निर्णय गरियो।

**निर्णय नं.१४:** प्रस्ताव नं.१4 माथि छलफल गर्दा सत्यवती गाउँपालिकाका विभिन्न वित्तीय संस्थाहरुबाट स्थानीय नागरिकहरु ऋणको मारमा पारिएको भन्ने सुनिन आएकाले सो सम्बन्धमा वित्तीय संस्थाहरुसँग आवश्यक कुरा बुझ्नको लागि अन्तरकृया कार्यक्रम गर्ने निर्णय गरियो।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ माथि छलफल गर्दा सत्यवती गाउँपालिकाको आर्थिक वर्ष 076/77 को वार्षिक बजेट कार्यक्रममा लक्षित कार्यक्रमअन्तर्गत विनियोजित बजेटबाट परियार सेवा समाजले पेश गरेको कार्यक्रम सञ्चालनका लागि रु.20,000/- बजेट रकम उपलब्ध गराउने निर्णय गरियो।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ माथि छलफल गर्दा सत्यवती गाउँपालिकाको आर्थिक कारोबारलाई अझै सहज, दुरुस्त र पारदर्शी बनाउनका लागि प्रमुख प्रशासकीय अधिकृत र सहायक लेखापालको संयुक्त दस्तखतबाट सञ्चालन हुने गरी एन.सी.सी.बैक, सत्यवती शाखामा तपशील बमोजिमका खाताहरु खोल्ने निर्णय गरियो।

**<u>तपशील</u>**

१) कार्य सञ्चालन कोष खाता
२) विभाज्य कोष खाता
३) स्वास्थ्य उपचार राहत कोष खाता
४) मर्मत सम्भार कोष खाता
५) कन्टिन्जेन्सी खाता